श्री समाज एकता सामुदायिक वन उपभोक्ता समूह

डुडुवा गा.पा. ५, बाँके

# बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मिति : २०८३/०३/०३

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ३१३६ मिति २०८२/१२/०६ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ४७५९ मिति २०८३/०२/२७ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका तपशिलमा उल्लेखित प्रजातिका गोलिया थान परिमाणमा रहेका काठ/दाउरालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। ईच्छुक वन पैदावारको कार्य गर्नका लागि डिभिजन वन कार्यालयमा दर्ता भएका स:मिल वा कम्पनीले यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र लट नं. १ को सिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिन दिनको अपरान्ह १२:०० बजे भित्र दाखिला गर्नुहुन यो सुचना आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

## तपसील

| लट नं. | सि.नं. | जात | ग्रेड | थान | परिमाण घ.फी. | दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट न.१ | १ | खयर | | २६० | ३२४.१ | १००० | ३२४१०० | ५९७३३ | |
| | २ | दवदवे | | ३ | २७.५९ | १०० | २७५९ | | |
| | गोलिया काठको जम्मा | | | २६३ | ३५१.७ | | ३२६८५९ | | |
| | अन्य जातको दाउरा चट्टा | | | | १ | ४००० | ४००० | | |
| लट न.१ कुल जम्मा | लट न.१ कुल जम्मा | | | | | | ३३०८५९ | ५९७३३ | |

१. बोलपत्र खरीद गर्नु पर्ने अन्तिम मिति र समय : २०८३/०३/२३ कार्यालय समय सम्म ।

२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय : २०८३/०३/२४ गते अपरान्ह १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशत रकम यस समूहको साँग्रिला विकास बैंक लि.मा रहेको हिसाव नं. ०२३००७००१०६९१८००००००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको बैंक ग्यारेन्टी समावेश गरेको हुनु पर्नेछ ।

४. बोलपत्र फारम रु १०००/- (पछि फिर्ता नहुने गरि) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बाँकेबाट खरीद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयमा यस सा.व.उ.स. को घाटगद्धीमा गइ हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिने डि.व.का.मा सूचिकृत भएका ईच्छुक काठ दाउरामा आधारित उद्योगहरुले सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी सहित नेपाली नागरिकताको प्रमाण-पत्र, कर दर्ता/चुक्ताको प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धी कर दर्ताको प्रतिलिपी वा स्थायी लेखा नं.(PAN) दर्ताको प्रमाण-पत्रको प्रतिलिपी, कारोबार गर्न अनुमति पाएको फर्मको प्रतिलिपी साथ सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

७. न्यूनतम मुल्य भन्दा कम कवोलगरी पेश गरिएका तथा कबुल अंकको १० प्रतिशत रकम भन्दा कमको बैंक भौचर वा छ महिना भन्दा कमको बैंक ग्यारेन्टी धरौटीको रुपमा पेश भएको वोलपत्रहरुको हकमा रितपुर्वक पेश भएको मानिने छैन ।

८. निर्धारित न्यूनतम संख्या र रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मिति २०८३/०३/२४ गते दिउसो २:३० बजे समूहले समूह, कार्यालयहरु, बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोल्न सकिनेछ ।

९. बोलपत्र खरीद दाखिला वा खोल्ने दिन बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ ।

१०. लिलाम बिक्रि सदर भएको जानकारी प्राप्त भएको मितिले वा समूहले कार्यालयको सूचना पाटिमा टाँस गरेको मितिले १० दिन भित्र सकार रकम, मूल्य अभिबृद्धि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुटै बुझाइ लिलाम चढेका वन पैदावार तोकिएको अवधि भित्र उठाइ लैजानु पर्नेछ

११. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिईनेछ ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार समूहमा रहनेछ ।

१३. छुट्टाछुटै लटका लागि अलग अलग सिलबन्दी खाम प्रयोग गर्नु पर्नेछ ।

१४. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

जेत बहादुर बोहरा
अध्यक्ष